# मेल्लेख गाउँपालिकाको रोजगार रणनीति

## आर्थिक बर्ष २०८१।२०८२ देखि २०८६।२०८७

**मेल्लेख गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**विन्धेवासिनी,अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल।**

## विषयसुची:


१ रणनैतिक सन्दर्भ ... १

१.१ पृष्ठभुमि ... १

१.२ रोजगार रणनीतिको आवश्यकता/ औचित्य ... २

१.३ अध्ययन पद्दति ... ३

१.४ क्षेत्र ... ३

१.५ सिमा ... ३

२ वर्तमान अवस्थाको विश्लेषण ... ३

३ रणनैतिक विश्लेषण ... ४

४ रणनैतिक सवालहरु ... ४

५ दुरदृष्टि, ध्येय र उद्धेश्य ... ५

६ रणनैतिक लक्ष्य ... ६

७ रणनैतिक स्तम्भ/ प्रमुख राणनीतिहरु ... ६

८ पांच वर्षको रणनैतिक कार्ययोजना ... ९

९ श्रोत परिचालन र वजेट व्यवस्थापन ... १०

१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्यांकन सम्बन्धी व्यवस्था ... १०

११ जोखिम व्यवस्थापन ... १२

## कार्यकारी सारांशः

नेपालको संविधानको मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा ब्यबस्था गरिएको रोजगारीको हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। ऐनको दफा ८ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान रहेको र उपदफा (३) ले कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरेको छ ।

रोजगारीको हक कार्यान्वयनका अतिरिक्त मुलुकभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना गरी उपलव्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने गरी सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा कार्यक्रमको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई २०७५ साल देखि निरन्तर रुपमा कार्यान्वयन गरिदै ल्याईएको छ। रोजगारीको हकलाई कार्यान्वयन गर्ने तथा आन्तरिक रोजगारी प्रवर्द्धनका विविध पक्षहरुलाई समावेश गरी नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७५/१०/२५ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरेको छ। संबिधानमा ब्यबस्था गरिएको तिन तहमा विभाजित राज्य संरचनाले श्रम तथा रोजगार सम्बन्धी संबैधानिक हक अधिकार समान रुपमा प्राप्त गरेको छ । तिनै तहको सरकारले आ-आफ्नो क्षेत्रबाट आन्तरिक तथा बाह्य रोजगारी लाई प्रवर्द्दन गर्दै विभिन्न पहलहरु गरिरहेका छन् ।

मेल्लेख गाउँपालिकाले यस क्षेत्र भित्रको बेरोजगारीको मुद्दालाई सम्बोधन गर्न रोजगार रणनीतिको माध्यमबाट एक व्यापक दृष्टिकोणको रूपरेखा प्रस्तुत गर्दछ। उच्च युवा बेरोजगारी र सीमित रोजगारीका अवसरहरूको पृष्ठभूमिमा रोजगार रणनीति बनाई रोजगारीका विभिन्न क्षेत्रहरु पहिचान गर्नु आफैमा निकै चुनौतीपुर्ण कार्य हो । यो रणनीतिले स्थानीय श्रम बजारको मूल्याङ्कन, रोजगारीका क्षेत्रहरू पहिचान, जनशक्तिको प्रोफाइलिंग र रोजगार बजारले माग गरेको आवश्यकता अनुरुपका जनशक्ति लाई दक्षता सहित योग्य बनाउन मद्दत गर्नेछ।

मेल्लेख गाउँपालिका भित्र कृषि,पशु,पर्यटन,व्यापार,व्यवसाय,साना तथा घरेलु उद्योग जस्ता विभिन्न क्षेत्रहरूले रोजगारीका अवसरहरू सिर्जना गर्नेछ। विशेषतः वैदेशिक रोजगारी त्यसमा पनि खासगरी भारतमा रहेको उच्च पर निर्भरतालाई कम गर्नुका साथै गाउँपालिकाको दिगो आर्थिक वृद्धि र समृद्धिको लागि समुदायमा उपलब्ध स्रोत तथा साधनको अधिकतम् उपयोग गरी आन्तरिक रोजगारीका अवसरहरुको पहिचान र सोही अनुरुपको प्रतिस्पर्धात्मक, दक्ष र क्षमतावान जनशक्ति उत्पादन गरि श्रम बजारको मागलाई आपूर्ति गरेर बेरोजगारीलाइ न्यूनीकरण गर्नेमा यो रणनीति केन्द्रित हुनेछ ।

## १.रणनैतिक सन्दर्भः

### १.१ पृष्ठभुमिः

नेपालको रोजगारीको परिदृश्य यसको जनसांख्यिकीय प्रोफाइल, आर्थिक संरचना, विकास निर्माणका कामहरु,राष्ट्रिय गौरवका आयोजनाहरु,सरकारी,गैर-सरकारी संस्था तथा नीजि क्षेत्र र सरकारले तय गर्ने नीतिहरूको संयोजनबाट बनेको छ। लगभग तिन करोड जनसङ्ख्या भएको नेपालले आफ्नो कार्यशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउन महत्वपूर्ण चुनौतीहरूको सामना गरिरहेको छ। विश्व बैंकका अनुसार नेपालको अधिकांश श्रमशक्ति कृषि क्षेत्रमा संलग्न छ, जसले कुल रोजगारीको करिब दुई तिहाई हिस्सा ओगटेको छ। यद्यपि, देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान वर्षौंदेखि निरन्तर घट्दोक्रममा रहेको छ, जसले अन्य क्षेत्रहरूमा रोजगारीका अवसरहरुको विविधीकरण गर्नु पर्ने तथ्यलाई उजागर गरेको छ।

बदलिदो विश्व परिवेश र यस्को बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्न नेपाल सरकारले रोजगारी सृजना र आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने तथा श्रम बजारको नतिजा सुधार गर्ने उद्देश्यले विभिन्न नीति र पहलहरू निर्माण गरी कार्यान्वयन गरिरहेको छ। नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकका रुपमा समेटेको छ ।साथै संबिधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समाबेश गरिएको छ ।जसले प्रत्येक नागरिकले सम्मानपुर्वक काम गर्न पाउने अधिकार सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत सबै किसिमका श्रम शोषणको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्दै कार्य व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्ने तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने रोजगार केन्द्रित नीतिहरूको संवैधानिक आधार प्रदान गरेको छ ।

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ। नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ।वैदेशिक रोजगार नीति, २०६८, श्रम ऐन, २०७४, जस्ता थुप्रै अन्य नीति तथा नियमले सजिलो र सुरक्षित वैदेशिक रोजगारका साथै सम्मानपुर्ण श्रमलाई प्रवर्दन गर्दै आएको छ।

**१.२ रोजगार रणनीतिको आवश्यकता/ औचित्यः**

मेल्लेख गाउँपालिकामा रोजगार रणनीतिको महत्वलाई दर्शाउने मुख्य कारणहरू निम्न छन्:

**(क)** **बेरोजगारी न्यूनीकरण:** मेल्लेख गाउँपालिकामा बेरोजगारी समस्या विशेष गरी सक्रिय जनसंख्यामा बढी देखिन्छ। बेरोजगारीले व्यक्तिहरूलाई आर्थिक अवसरहरूबाट वञ्चित मात्रै नगरी तिनीहरूको गरिमा, आत्मसम्मान र समग्र सामाजिक तथा आर्थिक जीवन जिउने मार्गलाई कमजोर बनाउँदै लैजाने भएकाले रोजगार रणनीति महत्त्वपूर्ण छ।

**(ख)** **गरिबी न्यूनीकरण:** बेरोजगारी र गरिबी एकै सिक्काका दुई पाटा हुन।आय आर्जनको स्थिर स्रोत नभएका परिवारहरू आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न दैनिक रुपमा संघर्षरत रहन्छन। रोजगार रणनीतिले रोजगारीका अवसरहरू सिर्जना गरी, वेरोजगार घरपरिवारको आयमा वृद्धि गरी गाउँपालिका भित्रको जीवनस्तर उकास्ने गरि गरिबी न्यूनीकरणको सशक्त साधनको रूपमा काम गर्नेछ।

**(ग)** **आर्थिक वृद्धि र विकासः** राष्ट्रले तय गरेका दिगो आर्थिक वृद्धिका लक्ष्य हरु हासिल गर्नका लागि दक्ष र तालिम प्राप्त जनशक्ति आवश्यक पर्दछ। मानव पूँजीको समुचित विकास र रोजगारी सृजनामा लगानी गरेर रोजगार रणनीतिले आर्थिक गतिविधिलाई उत्प्रेरित गर्न, लगानी आकर्षित गर्न र उद्यमशीलतालाई प्रोत्साहन गर्न सक्छ, जसले मेल्लेख गाउँपालिकाको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउँछ।

**(घ)** **सामाजिक एकता र स्थिरता:** गरीबि र बेरोजगारीले सामाजिक अशान्ति,सामाजिक वातावरणमा खलल पुर्याई अपराध,हत्या,हिंसा जस्ता कार्यहरुको सिर्जना गर्दछ। मुख्यरुपमा जनसंख्याको सीमान्तकृत समुदायहरुमा यसको प्रभाव बढी हुनेगर्दछ। समावेसी,समतामुलक समाज र सामाजिक समानतालाई प्रवर्द्धन गर्ने रोजगार रणनीतिले मेल्लेख गाउँपालिका भित्र हुने सामाजिक द्वन्द्वको जोखिमलाई न्यूनीकरण गर्नेछ।

**(ङ)** **युवा सशक्तिकरण र संलग्नता:** मेल्लेख गाउँपालिकामा युवा बेरोजगारी एक प्रमुख चिन्ताको विषय हो, धेरै युवाहरूले अर्थपूर्ण रोजगारीको लागि न्युन सम्भावनाहरूको सामना गरिरहेका छन्। युवाहरूको आवश्यकता र आकांक्षा अनुरूपको रोजगार रणनीतिले उनीहरूलाई आफ्नो समुदायको सामाजिक-आर्थिक विकासमा सक्रिय रूपमा सहभागी हुनका लागि सीप, अवसर र स्रोतहरूद्वारा सशक्त बनाउनेछ।

**(च)** **बसाइसराई र ब्रेन ड्रेन न्यूनीकरण:** बेरोजगारीको उच्च स्तरले प्राय: व्यक्तिहरूले अन्यत्र राम्रो आर्थिक सम्भावनाहरू खोज्दा ग्रामीण-देखि-शहरी बसाइसराइ र ब्रेन ड्रेनलाई प्रेरित गर्छ। मेल्लेख गाउँपालिका भित्र व्यावहारिक रोजगारीका अवसरहरू सिर्जना गर्दै रोजगार रणनीतिले विदेश पलायनलाई रोक्न, स्थानीय प्रतिभालाई कायम राख्न र स्थानीय विकासको लागि महत्वपूर्ण मानव पुँजीको हानि रोक्नेछ।

**१.३ अध्ययन पद्दतिः**

स्थानीय तहको रोजगार रणनीतिका लागी आवश्यक पर्ने सूचना तथ्याङ्कहरू प्राथमिक र माध्यमिक स्रोतहरूबाट सङ्कलन गरिएको छ। प्राथमिक डाटा सङ्कलन अध्ययनमा मुख्यतया, तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन,२०८० ले निर्धारण गरेका अनुसूची २ रोजगारदाता संग गर्ने सर्वेक्षण फारम र अनुसूची ३ सरोकार वालाको धारणा संकलन गर्ने फारमका प्रश्नावलीहरुलाइ प्रयोग गरीएको छ साथै सरोकारवालासँगको अन्तरक्रिया गरि प्राथमिक सूचना संकलन गरिएकोछ। त्यसैगरी श्रम, रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालयका कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्रि रोजगार कार्यक्रमका ऐन, नियम, नीति, नियमावली, कानुन, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय बाट प्राप्त प्रतिबेदन तथा ऐन, नीति, नियमावलीहरु, राष्ट्रिय जनगणना २०७८, आर्थिक सर्बेक्षेण २०७९/०८० लगाएत अन्य विभिन्न सरकारी तथा गैर-सरकारी संघसंस्था, निकायबाट प्राप्त जानकारी/ सेकेन्डरी सूचनालाइ गुणात्मक विधिमा आधारीत भएर परामर्श, सामाजिक-आर्थिक र जनसांख्यिकीय विश्लेषण, Swot विश्लेषण गरि रणनीति योजना तयार गरिएको छ।

**१.४ क्षेत्र :**

- यस रणनीतिले मेल्लेख गाउँपालिकाको प्रशासनीक सिमाना भित्र पर्ने सम्पूर्ण भौगोलिक क्षेत्रलाई समेटेको छ। यसमा गाउँपालिकाको क्षेत्राधिकार भित्रका सबै वडाहरू, गाउँ,टोल र बस्तीहरू समावेश छन्।

- मेल्लेख गाउँपालिका भित्र रोजगारी सिर्जनाका लागि महत्वपूर्ण सम्भाव्यता भएका प्रमुख क्षेत्रहरू; कृषि, पर्यटन, भौतिक तथा सामाजिक पूर्वाधार ,उद्योग, व्यापार व्यवसाय र अन्य हुनेछन् ।
- मेल्लेख गाउँपालिका क्षेत्र भित्र शैक्षिक संस्थाहरू, व्यावसायिक विद्यालयहरू,औपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रम र सीप विकासका कार्यक्रमहरु पनि समावेश हुनेछन ।

**१.५ सिमाः**

मेल्लेख गाउँपालिकाको ८ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिएकोछ। यसमा यस गाउँपालिकाको सामाजिक ,आर्थीक,जनसंख्याको बनोट,उत्पादनशिल क्षेत्र,रोजगारमुलक क्षेत्र तथा सिपयुक्त जनशक्ति तयार पार्ने सम्बन्धी सिमा रहेका छन।

**२ वर्तमान अवस्थाको विश्लेषणः**

देश भरिका ७५३ स्थानीय सरकार मध्ये मेल्लेख गाउँपालिका पानि एक हो ।तराईका स्थानिय सरकारको तुलनामा पहाडि क्षेत्रका स्थानिय तहमा रोजगारीका अवसरहरु, रोजगारीको अवस्थाहरू ,रोजगारीका प्रकारहरु,राष्ट्रिय नीतिहरू, आर्थिक-सामाजिक प्रवृत्ति तथा अभ्यासहरुमा समेत विविधता रहेको पाईन्छ। यस मेल्लेख गाउँपालिकामा जम्मा आठ वटा वडा हरू रहेका छन। राष्ट्रिय जनगणना २०७८ अनुसार, गाउँपालिकाको कुल जनसंख्या २२,७८५ छ, जसमा पुरुष जनसंख्या १०,४२२ र महिला जनसंख्या १२,३६३ रहेकोछ। मेल्लेख गाउँपालिको जम्मा परिवार संख्या ४७२२ रहेको छ साथै आर्थीक बर्ष २०८१।२०८२ का लागी यस पालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार ब्यक्तीहरु जम्मा २,४८६ जना रहेका छन,जसमा महिला १,५८९ र पुरुष ८९७ छन। श्रम शक्तिमा सहभागिता दर कुल जनसंख्याको ६५% रहेको छ। मेल्लेखको अर्थतन्त्र मुख्यतया कृषि प्रधान छ। कृषिले जनसंख्याको झण्डै एक तिहाई भागको जीविकोपार्जनको प्राथमिक स्रोतको रूपमा काम गर्दछ । नेपालको संविधान २०७२ ले रोजगारीको हकलाई प्रत्येक नागरिकको मौलिक हकका रुपमा प्रत्याभुत गरेको छ। जसले राज्यलाई रोजगारी सिर्जनाका लागि कानूनी दबाव तथा निर्देशन दिएको छ । स्थानीय स्तरमा आन्तरिक वा अल्पकालिन रोजगारी सृजना गर्ने प्रमुख मध्यस्तकर्ताका रुपमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमले (PMEP) गाउँपालिकामा हाल सम्म ८५० भन्दा बढी बेरोजगार व्यक्तिहरुलाई रोजगारीको अवसर प्रदान गरेको छ।जसले बेरोजगारहरू लाई वार्षिक न्यूनतम १०० दिनको कामको प्रत्याभूति दिन्छ, जुन गाउँपालिकाको आर्थिक तथा सामाजिक दुवै दृष्टिकोणबाट महत्त्वपूर्ण मानिन्छ ।

**३ - रणनैतिक विश्लेषणः**

मेल्लेख गाउँपालिकाको लागि प्रभावकारी रोजगार रणनीति विकास गर्न यस क्षेत्रको सामाजिक-आर्थिक तथा सामाजिक पूर्वाधार विकासका क्षेत्र,भौगोलिक बनावट जस्ता विशेषताहरूलाई ध्यानमा राखेर रणनीतिक विश्लेषण गरिनेछ। यसमा स्थानीय श्रम बजारको मूल्याङ्कन, रोजगारीका प्राथमिकताका क्षेत्रहरू पहिचान गर्ने र जनशक्तिको जनसांख्यिकीय प्रोफाइल समेत समावेश हुनेछ। साथै, यो रणनीतिले यस क्षेत्रमा व्याप्त सीपको खाडललाई अन्त्य गर्न सीप अभिवृद्धि कार्यक्रमहरूमा ध्यान केन्द्रित गर्दै अल्पकालीन रोजगारीका अवसरहरू सुनिश्चित गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमको औचित्यलाई थप मजबुत बनाउन मद्दत गर्नेछ।

गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसरको पहिचान,श्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिबिलाई न्युनिकरण गर्न संघ,प्रदेश र स्थानीय तहले आ-आफ्नो तर्फ बाट बिभिन्न कार्यक्रमहरु गरिरहेका छन। तथापी ति सबै कार्यक्रम हरु एकिकृत हुन नसक्दा सोचेजस्तो उपलब्धी हासिल हुन सकिरहेको छैन।मेल्लेख गाउँपालिकाको रोजगार रणनीतिले आगामि दिनमा यस्ता कार्यक्रमलाई एकद्वार प्रणाली मार्फत कार्यान्वयन गर्न आबश्यक सहयोग पुर्याउने छ।

**४ रणनैतिक सवालहरुः**

मेल्लेख गाउँपालिकाको रोजगार रणनीति विकास गर्दै गर्दा रणनीतिक मुद्दाहरूलाई सम्बोधन गर्न अत्त्यावश्यक छ। रोजगारीको हक कार्यान्वयन गर्नु, विशेषगरी युवा र सीमान्तकृत समूहका लागि थप रोजगारीका अवसरहरू सिर्जना गर्नु, वैदेशिक रोजगारीमा उच्च निर्भरतालाई कम गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सृजना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको परिधिभित्र ल्याउनु, श्रमको सम्मान व्यवहारमा ल्याउनु, श्रम बजारको माग अनरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नु, स्थानीय जनशक्तिको सीप र श्रम बजारको आवश्यकताबीचको बेमेल, दक्ष, प्रतिष्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने मुख्य चुनौतीहरुका रुपमा रहेका छन् । उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन, उत्पादनशील रोजगारीको सृजना पर्याप्त नहुनु, न्यून ज्याला र वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, बैदेशिक कमाई उत्पादनशिल क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा अत्याधिक खर्च हुनु आदि रोजगारीका समस्याहरु रहेका छन् ।

**५ दूरदृष्टि, ध्येय र उद्धेश्यः**

**५.१ दूरदृष्टि**

मेल्लेख गाउँपालिकाको क्षेत्र भित्र दिगो आर्थिक वृद्धि र समृद्धिको लागि समुदायमा उपलब्ध विविध सीप र स्रोतहरू पहिचान तथा परिचालन गर्दै, गाउँपालिकाले रोजगारी सिर्जना, पर्यटन,पुर्वाधार कृषि,पशुको व्यावसायिक तालिम र उद्यमशीलता विकास बाट आय आर्जन, रोजगारी, उत्पादन अभिवृद्दि गरी गरिबी न्यूनिकरण मार्फत स्थानीय सरकारको सामाजिक र आर्थिक उन्नतिमा सहयोग पुऱ्याउनु यस मेल्लेख गाउँपालिकाको रोजगार रणनीतिको दूरदृष्टि हो।

**५.२ ध्येय:**

दिगो विकास र अवसरको समान वितरणलाई ध्यानमा राखी रोजगारी सिर्जना, व्यावसायिक सीप विकास, रोजगारी प्रबर्द्दन, उत्पादनशील रोजगारी, उद्धमशिलता प्रवर्दन, रोजगारीमा पदस्थापना, स्वरोजगारी, र वैदेशिक रोजगारीबाट फर्किएकाहरु लाइ पुनर्स्थापना तथा पुनः एकिकरण लाइ प्राथमिकतामा राखेर गरिवी न्यूनीकरण, समावेशी आर्थिक वृद्धि र विकासलाई सहजीकरण गर्ने यस रणनीतिको ध्येय हो। यसका साथै लक्षित बर्ग र स्थानीय सरोकारवालाहरूसँग गरिने साझेदारीको माध्यमबाट, गाउँपालिकाको बेरोजगारी दर घटाउने र आफ्ना जनशक्तीहरूको समग्र जीवनस्तर सुधार गर्नका साथै स्थानीय अर्थतन्त्रमा अर्थपूर्ण योगदान गर्न मदत पुर्याउनेछ।

**५.३ उद्धेश्य:**

**(क)** रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बन्धी सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरि आन्तरिक रोजगारीका अवसरहरु वृद्धि गर्ने।

**(ख)** रोजगार सेवा केन्द्रलाई सशक्त बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने।

**(ग)** श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने।

**(घ)** वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति हरुलाई पुनःएकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने।

**(ङ)** श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने।

**(च)** कृषि, पर्यटन, उत्पादन र सेवा उद्योग लगायत अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा रोजगारीका अवसरहरू सिर्जना गर्न पहलहरू कार्यान्वियन गर्ने।

**(छ)** स्थानीय बासिन्दाहरूलाई रोजगारी क्षमता अभिवृद्धि गर्न उपलब्ध रोजगारीका अवसरहरूको लागि आवश्यक सीप र ज्ञान प्रदान गर्न व्यावसायिक तालिम कार्यक्रमहरू र कार्यशालाहरू संचालन गर्ने।

**(ज)** मेल्लेख गाउँपालिकाले पूर्वाधार परियोजनाहरूमा जस्तैः(सडक निर्माण, सिँचाइ,भवन निर्माण) लगानी गर्दा रोजगारीका अवसरहरू सिर्जना हुने क्षेत्रमा स्थानीय श्रम र श्रमिकलाई ग्राह्यता दिने।

**(झ)** स्थानीय व्यवसायहरू, शैक्षिक संस्थाहरू, सरकारी निकायहरू, र गैर-सरकारी संस्थाहरूसँग सहयोग र साझेदारी गरि प्रभावकारी रोजगारी रणनीतिहरू लागू गरी स्रोत र विशेषज्ञताको लाभ लिने र

**(ञ)** स्थानीय स्तरमा रहेका परम्परागत सीपमूलक उद्यमहरुलाइ प्रोत्साहन गर्नुका साथै आधुनिक प्राबिधिक तालिम प्रदान गरि आधुनिक,सफल तथा दक्ष उद्यमी बनाउने।

**६ रणनैतिक लक्ष्यः**

मेल्लेख गाउँपालिका भित्र उपलव्ध स्रोत तथा साधनको अधिकतम उपयोग गरेर आन्तरिक रोजगारीका अवसरहरुको पहिचान गरि सोही अनुरुपको उत्पादन,प्रवर्दन,प्रशोधन र बजारिकरण गरी प्रतिस्पर्धात्मक, दक्ष र क्षमतावान जनशक्ति उत्पादन गर्दै श्रम बजारको मागलाई आपूर्ति गरि बेरोजगारीलाइ न्यूनीकरण गर्ने।

**७ रणनैतिक स्तम्भ/ प्रमुख रणनीतिहरुः**

**७.१** रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बन्धी सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरि आन्तरिक रोजगारीका अवसरहरु वृद्धि गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरुः

७.१.१ मेल्लेख गाउँपालिका भित्र उपलब्ध रोजगार संग सम्बन्धित सरोकारवालाहरू र सेवाहरू पहिचान गरी नक्सांकन गरिनेछ। यसमा सरकारी निकायहरू, व्यावसायिक तालिम केन्द्रहरू, शैक्षिक संस्थाहरू,रोजगार एजेन्सीहरू, व्यापार व्यवसायीक संघहरू, गैरसरकारी संस्थाहरू, र जनशक्ति विकासमा केन्द्रित समुदायमा आधारित संस्थाहरूलाई समाबेश गरिनेछ।
७.१.२ श्रम बजार विश्लेषण र स्थानीय व्यवसायिहरूसँगको संलग्नताका आधारमा मेल्लेख गाउँपालिका भित्र रोजगारी अभिवृद्धिका सम्भावित क्षेत्रहरू पहिचान गरिनेछ। जसमध्ये कृषि, पर्यटन, साना उधोग,व्यापार, व्यवसाय र उदीयमान उद्योगहरूलाई प्राथमिकतामा राखिनेछ।
७.१.३ गाउँपालिकाको विकास खर्चलाई रोजगारी सृजनासंग जोडिनेछ ।
७.१.४ सरोकारवालाहरू बीचको सहकार्यलाई सहज बनाउन: आन्तरिक रोजगारीका अवसरहरू बढाउन उद्देश्यले स्रोतहरूको उपयोग गर्न, सूचना आदानप्रदान गर्न र समन्वय गर्न मेल्लेख गाउँपालिकामा रोजगारसँग सम्बन्धित रहेका सरोकारवालाहरू बीच गरिने सहकार्य र समन्वयलाई बढावा दिइनेछ।
७.१.५ मेल्लेख गाउँपालिकामा स्थानीय व्यवसाय र उद्योगहरू बीच स्थानीय श्रमिक नियुक्तिको अभ्यासहरूको लागि पहल चालिनेछ।
७१६ मेल्लेख गाउँपालिकामा विपद व्यवस्थापनका लाहि बस्ती हस्तानान्तरण गर्न नमुना बस्ती निर्माण कार्यका लागि सहजिकरण गरिनेछ।

**२** रोजगार सेवा केन्द्रलाई सशक्त बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरुः
७.२.१ गाउँपालिकाको रोजगार सेवा केन्द्रको क्षमता र स्रोतको अभिवृद्धि गरी रोजगार सेवा केन्द्रलाई सुदृढ गर्ने ।

७.२.२ रोजगार सेवा केन्द्रद्वारा प्रदान गरिने सेवाहरूको बारेमा सामुदायिक संस्थाहरू, शैक्षिक संस्थाहरू,र स्थानीय व्यवसायहरूसँगको सहकार्यमा कार्यशालाहरू, सेमिनारहरू, र सूचना सत्रहरू आयोजना गरि बेरोजगार जनतामा चेतना जगाउन सचेतना र जागरूकताका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
७.२.३ बेरोजगार व्यक्तिहरूको लागि रोजगारी मार्गहरू सिर्जना गर्न स्थानीय व्यवसाय र उद्योगहरूसँग साझेदारी स्थापना गरिनुका साथै रोजगार मेलाहरू,श्रमिक नियुक्ति कार्यक्रमहरू र रोजगार सेवा केन्द्रद्वारा सहजीकरण गरिएका रोजगारीका तालिम कार्यक्रमहरूमा सहभागी हुन रोजगारदाताहरू लाई प्रोत्साहन गरिनेछ।
७.२.४ रोजगार सम्वाद मञ्चलाई सक्रिय बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बन्धित सरोकारवालाहरु संगको छलफल र सहभागितामा आवश्यक रोजगार योग्य कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसंग समन्वय गरिनेछ ।
७.२.५ स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
७.२.६ गाउँपालिकाको विकास निर्माणका कामहरुमा बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ ।
७.२.७ स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाउँपालिकाको वेवसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ।

**७.**३ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरुः
७.३.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि सचेतना अभिवृद्धि गरिनेछ।
७.३.२ वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सञ्चालन गरि पुनः एकीकरणमा जोड दिईनेछ ।
७.३.३ वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यकम सञ्चालन गर्न संघीय, प्रदेश र अन्य निकायसंग समन्वय र सहकार्य गरिनेछ ।
७.३.४ वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ ।

**७.४** श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरुः
७.४.१ स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रले रोजगारी प्रदान गरेका व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ।

७.४.२ रोजगारीका लागि छिमेकी मुलुक भारत जाने कामदारहरुलाई स्थानीय तहमा दर्ता हुने नीतिगत व्यवस्था गरि परिचयपत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ ।

७.४.३ स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ।
७.४.४ स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिदै लगिनेछ।
७.४.५ श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण सामाजिक संजाल तथा कार्यालयको सूचना पाटिमा टास गरिनेछ,साथै स्थानिय रेडियो,पत्र पत्रिकामा प्रसारण गरिनेछ।

**७.५** कृषि, पर्यटन, उत्पादन र सेवा उद्योग लगायत अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा रोजगारीका अवसरहरू सिर्जना गर्न पहलहरू कार्यान्वयन गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरुः
७.५.१ स्थानीय व्यवसाय, उद्योग बाणिज्य संघ, कृषि सहकारी, पर्यटन व्यबसायी, र उत्पादन कम्पनीहरू लगायत सरोकारवालाहरूसँग उनीहरूको आवश्यकता, चुनौती र विकासका अवसरहरूको धारणा संकलन गरिनेछ।
७.५.२ मेल्लेख गाउँपालिका भित्रको कृषि व्यवसायको विकासमा वित्त, कृषि विस्तार सेवा, प्राविधिक सहयोग, उन्नत विउको वितरण, कृषि अनुदान र बजारिकरणमा पहुँच प्रदान गरी सहयोग गरिनेछ।
७.५.३ स्थानीय बासिन्दाहरूलाई प्राथमिकताका क्षेत्रहरूमा रोजगारीका लागि आवश्यक सीप र योग्यताहरू प्रदान गर्न व्यावसायिक तालिम, प्रशिक्षणका पहलहरू प्रस्ताव गरिनेछ।
७.५.४ स्थानीय तहको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र अनुपम आकर्षणलाई उजागर गरी पर्यटन विकासलाई प्रवर्द्दन गरिनेछ।
७.५.५ आर्थिक लाभ र रोजगारी सिर्जनाका अवसरहरू अधिकतम बनाउन कृषि, पर्यटन, उत्पादन र सेवाहरू जस्ता प्रमुख क्षेत्रहरूमा मूल्य श्रृंखला लाई बलियो बनाइ उत्पादकका बिचमा प्रतिस्पर्धा बढाउन उत्पादक वितरक र खुद्रा विक्रेताहरू बीचको सम्बन्धलाई बढावा दिईनेछ।
७.५.६ मेल्लेख गाउँपालिका भित्र रोजगारीका अवसरहरू र लगानीको सम्भावना देखाउन मार्केटिङ र प्रवर्द्धनात्मक अभियानहरू विकास गरिनेछ।

**७.६** मेल्लेख गाउँपालिकाले पूर्वाधार परियोजनाहरूमा; सडक निर्माण, सिँचाइ प्रणाली, र नवीकरणीय ऊर्जा परियोजनाहरू लगानी गर्दा रोजगारीका अवसरहरू सिर्जना हुने क्षेत्रमा स्थानीय श्रम र श्रमिकलाई ग्राह्यता दिने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरुः
७.६.१ समुदायलाई प्रत्यक्ष आर्थिक लाभ सुनिश्चित गर्न पूर्वाधार परियोजनाहरूमा स्थानीय श्रमिकहरुलाई खटाउन प्राथमिकता दिईनेछ।
७.६.२ स्थानीय रोजगार एजेन्सीहरू, सामुदायिक संस्थाहरू, र व्यावसायिक प्रशिक्षण केन्द्रहरूसँग साझेदारी गरि दक्ष र अदक्ष कामदारहरू पहिचान गर्ने र खटाउने कार्य गरिनेछ।
७.६.३ विशेषगरी निर्माण, इन्जिनियरिङ र नवीकरणीय ऊर्जा क्षेत्रमा स्थानीय श्रमिकहरूको सीप अभिवृद्धि गर्न तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू प्रदान गरिनेछ।
७.६.४ पूर्वाधार परियोजनाहरूमा संलग्न सबै कामदारहरूको लागि उचित ज्याला, सुरक्षित कामको अवस्था, र श्रम कानून र नियमहरूको पालना सुनिश्चित गराईनेछ।
७.६.५ लैंगिक समानतालाई बढावा दिन महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरू जस्ता पिछडिएका समुहका लागि अवसरहरू उपलब्ध गराउनका लागि समावेशी श्रमिक नियुक्तीका अभ्यासहरू लागू गराईनेछ।

## ८.पांच वर्षको रणनैतिक कार्ययोजना:

| क्र.स. | क्रियाकलाप / कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय/ शाखा | कार्यसम्पादन सूचक | वजेट | जोखिम |
|---|---|---|---|---|---|---|
| **रणनैतिक स्तम्भ १** रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बन्धी सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरि आन्तरिक रोजगारीका अवसरहरु वृद्धि गर्ने। | | | | | | |
| | | रो.से.के. | पूर्वाधार विकास शाखा | रोहारीका क्षेत्रको पहिचान भएको हुनेछ। | वजेट व्यवस्थापन आवश्यकतानुसार हुनेछ। | |
| | | | | | | |
| | | | | | | |
| **रणनैतिक स्तम्भ २** रोजगार सेवा केन्द्रलाई सशक्त बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने। | | | | | | |
| | | रो.से.के. | पूर्वाधार विकास शाखा | बेरोजगार ब्यक्ति हरुलाई काममा खटाईएको हुनेछ। | वजेट व्यवस्थापन आवश्यकतानुसार हुनेछ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| **रणनैतिक स्तम्भ ३** वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यकक्तिहरुलाई पुनःएकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने। | | | | | | |
| | | रो.से.के. | सामाजिक सुरक्षा तथा पंजिकरण शाखा र वडा कार्यालयहरु | श्रम स्विकृतिका लागि सिफारिस गरिइनेछ। | वजेट व्यवस्थापन आवश्यकतानुसार हुनेछ। | |
| | | | | | | |
| | | | | | | |
| **रणनैतिक स्तम्भ ४** श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने। | | | | | | |
| | | रो.से.के. | सूचना प्रबिधि शाखा तथा प्रशासन शाखा | सूचना प्रशारण गरिएको हुनेछ । | वजेट व्यवस्थापन आवश्यकतानुसार हुनेछ। | |
| | | | | | | |
| | | | | | | |
| **रणनैतिक स्तम्भ ५** कृषि, पर्यटन, उत्पादन र सेवा उद्योग लगायत अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा रोजगारीका अवसरहरू सिर्जना गर्न पहल गर्ने। | | | | | | |
| | | रो.से.के. | कृषि विकास तथा उधम विकास शाखा र पशु शाखा | स्व-रोजगारीमा संलग्न भएका हुनेछन। | वजेट व्यवस्थापन आवश्यकतानुसार हुनेछ। | |
| | | | | | | |
| | | | | | | |
| **रणनैतिक स्तम्भ ६** मेल्लेख गाउँपालिकाले पूर्वाधार परियोजनाहरूमा; सडक निर्माण, सिँचाइ , खानेपानी,भवन तथा आवास निर्माण गर्दा रोजगारीका अवसरहरू सिर्जना हुने क्षेत्रमा स्थानीय श्रम र श्रमिकलाई ग्राह्यता दिने। | | | | | | |
| | | रो.से.के. | पूर्वाधार विकास शाखा र वडा कार्यालयहरु | सुचिकृत बेरोजगार ब्यक्तिलाई श्रममा लगाईनेछ। | वजेट व्यवस्थापन आवश्यकतानुसार हुनेछ। | |
| | | | | | | |

**<u>९ श्रोत परिचालन र वजेट व्यवस्थापनः</u>**

| कृयाकलाप | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| बेरोजगार ब्यक्तिको तथ्यांक संकलन | २४८६ | २५०० | २५५० | २६०० | २६५० |
| सरोकारवाला निर्माण व्यवसायी संग छलफल | १ पटक | २ पटक | २ पटक | २ पटक | २ पटक |
| कामका लागि पारिश्रमिकमा आधारित आयोजना | ८ | १० | ८ | १० | १२ |
| युवारुपका आयोजनाहरु संचालन | ५ | ६ | ५ | ६ | ६ |
| आवश्यक बैठकहरु | १ | २ | २ | २ | २ |
| स्थानिय स्तरमा संचालित उद्योग हरुको अनुगमन तथा छलफल | १ | १ | १ | १ | २ |
| आंशिक रुपमा रोजगारीमा संलग्न व्यक्तिको संख्या | १०० | १२० | १५० | १२० | १३० |

**<u>१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्यांकन सम्बन्धी व्यवस्थाः</u>**

यस मेल्लेख गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयन गर्नका लागि आवश्यक समन्वय,निर्देशन,अनुगमन तथा प्रभावकारी मुल्यांकन गर्नका लागि यस पालिकामा देहाय बमोजिमको एक समिति रहनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| उपाध्यक्ष | सदस्य |
| सम्पुर्ण वडा अध्यक्षहरु | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |
| पशु शाखा प्रमुख | सदस्य |
| रोजगार संयोजक | सदस्य-सचिव |

**१०.२ काम,कर्तब्य र अधिकारः**

**(क)** रोजगार रणनीतिले तय गरे बमोजिमको आवश्यक बजेट बिनियोजनका लागि गाउँसभा लाई सिफारिस गर्ने ,

**(ख)** स्थानिय तहभित्र रहेका रोजगारिका अवसर तथा सम्भावनालाई पहिचान तथा कार्यान्वनन गर्ने ,

**(ग)** श्रम बजार देखि श्रमिकको मागभै आएमा सोको लागि आबश्यक समन्वय गर्ने ,

**(घ)** सरकारी गैरसरकारी तथा निजी क्षेत्र संग रोजगारी सृजनाका लागि आवश्यक सहजिकरण गर्ने ,

**१०.३ अनुगमन तथा मूल्यांकनः**

स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नेछ ।

**११.जोखिम व्यवस्थापनः**

रोजगार रणनीति कार्यान्वयनका क्रममा आउने जोखिम पहिचान गरी गरी देहाय बमोजिमका कार्यहरु गर्नुपर्ने देखिन्छ।

**(क)** श्रोतको ब्यबस्थापन ,

**(ख)** सरकारी ,गैरसरकारी तथा निजी क्षेत्रबिच आबश्यक समन्वय ,

**(ग)** रोजगार सम्बन्धी सम्पुर्ण कार्यक्रममा स्थानीय सरकारको अपनत्व ,

**(घ)** शाखागत समन्वय ,

**(ङ)** सरोकारवाला तथा सरोकारवाला निकायको दृष्टिकोण ,

**(च)** संघ,प्रदेश र स्थानीय सरकारका बिचमा कार्यगत ऐक्यवद्दता ।

**आज्ञाले**
हिक्मत बहादुर बुढा
नि. प्रमुख प्रशासकिय अधिकृत